मधेश प्रदेश सरकार

# गृह, सञ्चार तथा कानुन मन्त्रालय

जनकपुरधाम, धनुषा, नेपाल

## आम सञ्चार प्राधिकरण अध्यक्षको नियुक्ति सम्बन्धी सूचना

## सूचना नं. ०२/२०८१/०८२

## पहिलो पटक सूचना प्रकाशित मितिः- २०८१।११।०४

यस मन्त्रालयले प्रदेश सञ्चार सम्बन्धी ऐन,२०७७ र प्रदेश सञ्चार नियमावली,२०७७ को नियम ३५ अनुसार तपशिल बमोजिमको पदमा नियुक्तिको लागि आवेदन दिन सूचना आह्वान गरिएको छ।

तपशिलः

१. विषयगत विवरणः-

| क्र.सं. | संगठनको नाम | पद | पद संख्या | योग्यता |
|---|---|---|---|---|
| १. | आम सञ्चार प्राधिकरण, मधेश प्रदेश | अध्यक्ष | १(एक) | (क) नेपाली नागरिक,<br>(ख) पैतिस वर्ष उमेर पुरा भई साठी वर्ष ननाघेको,<br>(ग) मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उतिर्ण गरेको र पत्रकारिता क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव हासिल गरेको वा पत्रकारिता क्षेत्रमा कम्तिमा २० वर्ष अनुभव प्राप्त गरेको,<br>(घ) नैतिक पतन देखिने फौजदारी कसूरमा सजाय नपाएको,<br>(ङ) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(च) उच्च नैतिक चरित्र भएको। |

२. छनौटको आधारः- प्रदेश सञ्चार सम्बन्धी ऐन,२०७७ र प्रदेश सञ्चार नियमावली,२०७७ बमोजिम मन्त्रालयको सिफारिसमा मधेश प्रदेश सरकाबाट नियुक्त हुनेछ।

३. आवेदन दिने स्थानः- गृह, सञ्चार तथा कानुन मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा।

४. प्रदेश सञ्चार सम्बन्धी ऐन,२०७७ को दफा ७ बमोजिम आवश्यक योग्यताको कागजातसहित निवेदन दिनुपर्ने छ।

५. आवेदन दिने अन्तिम मितिः- सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र, तर अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय समयमा आवेदन दिन सकिनेछ।

२०८१/११/०४

दिपेन्द्र कुमार यादव
शाखा अधिकृत